# प्रेस विज्ञप्ति

आज मिति २०७५/०६/०२ गते मंगलवारका दिन माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यूको समुपस्थितिमा अर्थ मन्त्रालयमा नियमित पत्रकार भेटघाट कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अर्थतन्त्रको परिदृष्यको संक्षिप्त चर्चा गर्नुहुँदै यस आर्थिक वर्षको प्रथम दुई महिनामा रु.१२० अर्व राजस्व संकलन भएको र रकम अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ३६.६८% ले बढी भएको जानकारी गराउनु भयो। आगामी दिनमा राजस्व संकलनलाई प्रभावकारी बनाउन विभागीय प्रमुखहरुसंग कार्य सम्पादन सम्झौता गरिएको, कर संकलनका लागि निकायगत दायरा विस्तार गर्दै क्षेत्रगत दायरा समेत बढाउदै लगिने, सुक्ष्म निगरानी, प्रभावकारी अनुगमन एंव अन्तर निकाय समन्वयमा जोड दिईएको, ब्यवसायीले जारी गरेको बीजक अनुसारको कारोवारको विवरण केन्द्रीय बीजक अनुगमन प्रणालीमा आवद्व गरिने समेत बताउनु भयो।सो कार्यक्रममा माननीय अर्थमन्त्रीले बंगलादेशसंग दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्वन्धी सम्झौता नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत भएको र संयुक्त अधिराज्य बेलायतसंग पनि यस प्रकारको सम्झौताको प्रक्रिया थालनी गरिएको, सवै बैंकका जुनसुकै शाखाबाट राजस्व बुझाउन सक्ने व्यवस्था मिति २०७५/०४/०१ बाट शुरु गरिएको र नेपाल सरकारलाई प्राप्त हुने सवै प्रकारका राजस्व र सरकारको तर्फबाट हुने सवै प्रकारका भुक्तानी Digital Payment बाट गर्ने प्रणाली कार्यान्वयनमा ल्याईएको विषयमा चर्चा गर्नु भयो ।

सो अवसरमा यस अवधिमा सम्पादन भएका थप कार्यक्रमहरुको चर्चा गर्नुहुँदै माननीय अर्थमन्त्रीज्यूले यस अवधिमा खर्च १०३ अर्व बजेट खर्च भएको जानकारी दिनुहुँदै खर्च रकम कूल बजेटको ७.८५% रहेको जानकारी गराउनु भयो। बजेट खर्च सम्वन्धी थप जानकारी गराउने क्रममा बजेट विनियोजनलाई थप परिणाममुखी बनाउन, संघीय संरचना अनुरुप बजेट तथा कार्यक्रम संचालन गर्न सुझाव दिनका लागि सार्वजनिक खर्च पुनरावलोकन आयोग मिति २०७५/०५/०३ मा गठन भै आयोगले आफ्नो कार्य समेत प्रारम्भ गरेको समेत बताउनु भयो।

कार्यक्रममा माननीय अर्थमन्त्रीज्यूले यस अवधिमा संघीय संसदमा पेश भएका, अन्तिम मस्यौदा तयार भई संघीय संसदमा पेश गर्ने प्रक्रियमा रहेका र कानून कार्यविधिका सम्वन्धमा तयार पारिएका मस्यौदाहरुको बारेमा जानकारी गराउँदै सहुलियतपूर्ण ऋण तथा ब्याज अनुदान उपलब्ध गराउने सम्वन्धी एकीकृत कार्यविधि स्वीकृत भई कार्यान्वयनमा आएको समेत जानकारी दिनुभयो। यसै क्रममा माननीय अर्थमन्त्रीज्यूले उखु उत्पादन किसानलाई प्रति क्वीन्टल रु.६५/२८ का दरले अनुदान प्रदान गर्ने ब्यवस्था गरिएको जानकारी गराउनु भयो।साथै कार्यक्रममा माननीय अर्थमन्त्रीज्यूले वित्तीय संघीयता कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहको विभाज्य कोषहरुको मिति २०७५/०४/०१ देखि सञ्चालनमा ल्याई सोको मार्गदर्शन तत् तत् तहमा पठाईएको, प्रदेश लेखा नियन्त्रक कार्यालय स्थापना गरिएको साथै प्रदेश तथा स्थानीय तहलाई वित्तीय संघीयताको मान्यता अनुरुप सबल र सक्षम बनाउन र ती तहहरुका बीचमा हुने कार्यगत पक्षमा समन्वय र एकरुपता कायम गर्न नमूना कानून, कार्यविधि र मार्गदर्शन तयार गरी पठाईएको विषय समेत जानकारी गराउनु भयो।

यसैक्रममा, वित्तीय प्रणाली सुदृढीकरणका लागि हालसम्म ६५६ स्थानीय तहमा बैंकको शाखा विस्तार भएको, बाणिज्य बैंकहरुले विदेशी बैंक र त्यस्तै प्रकारको वित्तीय संस्थाबाट कर्जाको रुपमा आउने पूँजीलाई भित्र्याउने व्यवस्था कार्यान्वयनमा आएको जानकारी गराउनु भयो। कार्यक्रममा, माननीय अर्थमन्त्रीज्यूले बैदेशिक सहायता परिचालन तर्फ उल्लेख्य प्रगति भएको जानकारी गराउनु हुँदै २०७४ फागुन देखि २०७५ भदौसम्ममा रु.८१ अर्व ७८ करोड ४१ लाखको वैदेशिक सहायता प्रतिवद्वता प्राप्त भएको, शान्ति कोष सचिवालयमा बचत भएको दातालाई फिर्ता गर्नुपर्ने बजेट मध्ये यूरोपियन युनियनको करीव रु.१ अर्व १ करोड र जर्मन सरकारको करीव रु.१६ करोड नेपाल सरकारले चाहेको क्षेत्रमा खर्च गर्न सक्ने ब्यवस्था भएको, एशियाली पूर्वाधार लगानी बैंकले तामाकोशी पाँचौ जलविद्युत परियोजनामा लगानी गर्न

सहमति जनाउनुका साथै थप दुई परियोजनामा लगानीका लागि DPR तयारी गर्न प्राविधिक सहायता प्रदान गर्ने सहमति समेत जनाएको र विश्व बैंकले Development Policy Credit(DPC) 3 अन्तरगत रु.११ अर्व सहयोग प्रदान गर्ने सहमति समेत भएको जानकारी गराउनु भयो।

सोही कार्यक्रममा पत्रकारहरुद्वारा सोधिएका प्रश्नहरुको जवाफ दिने क्रममा अर्थ सचिव डा. राजन खनालले यो अवधि आर्थिक बर्षको शुरु अवधि भएकाले बहुबर्षीय ठेक्काको खर्च रकम खर्च प्रणालीमा देखिएको र नयाँ योजना र कार्यक्रमको खर्च रकम आगामी दिनमा बृद्धि भई खर्च प्रणालीमा देखिदै जाने बताउनु हुँदै चाडपर्वहरु समेत नजिकिदै गएकाले नेपालीहरुको खर्च गर्ने समय समेत रहेको हुँदा यसको सकारात्मक प्रभाव राजस्व प्रणालीमा देखिदै जाने, मुलुक वित्तीय संघीयतामा गएपछि सबै तहको आम्दानी र खर्च समेत ब्यवस्थित गरिदै लगिएको, पूँजी निर्माणका दिशातर्फ खर्च केन्द्रीत रहने विषयमा समेत प्रकाश पार्नु भएको थियो।

यसैगरी उक्त कार्यक्रममा सचिव(राजस्व) श्री शिशिर कुमार ढुङ्गानाले पत्रकारहरुको जिज्ञासाको जवाफ दिनुहुँदै कर विवाद निरुपणका लागि गठित समितिले चाँडै प्रतिवेदन पेश गर्ने, अनिवार्य रुपमा मूल्य अभिवृद्धि करमा दर्ता भई कारोवार गर्नुपर्ने बस्तु तथा सेवाहरुको कारोवारको बजार अनुगमन गरी दर्ता गराउने कार्यमा तीव्रता दिईने लगायतका विषयहरुमा चर्चा गर्नु भएको थियो।

उक्त कार्यक्रममा अर्थ मन्त्रालयका महाशाखा प्रमुखहरु, अर्थ मन्त्रालय मातहतका विभागीय प्रमुखहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।